भरतपुर महानगरपालिका
सहकारी तथा रोजगार प्रवर्द्धन शाखा
भरतपुर, चितवनको सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०५/३०

भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को सहकारी तथा रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रम बमोजिम सैलुन, प्लम्बर, इलेक्ट्रिसियन, ड्राइभिङ र मागमा आधारित मेयरसंग उद्यमशीलता तालिम उपलब्ध गराउने कार्यक्रम रहेकोले भरतपुर महानगरपालिकाका भित्र स्थायी बसोवास गर्ने, कम्तिमा आठ कक्षा उत्तिर्ण र १८ वर्ष पुरा गरी ४० वर्ष नपुगेका इच्छुक व्यक्तिहरुले मिति २०७९/०७/०४ गते कार्यालय समयभित्र भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा आवेदन पेश गर्न सकिने गरी म्याद थप भएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संलग्न गर्नुपर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
२. नागरिकताको प्रमाणपत्रबाट भरतपुर महानगरपालिकामा स्थायी बसोवास गरेको नखुलेमा स्थायी बसोवास खुल्ने बसाइसराइ वा बिवाह दर्ताको कागजातको प्रमाणित प्रतिलिपि,
३. कम्तिमा आठ कक्षा उत्तिर्ण भएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति ।

आवेदन फारम भरतपुर महानगरपालिकाको वेवसाइट www.bharatpurmun.gov.np बाट डाउनलोड गर्न सकिन्छ । थप जानकारीको लागि कार्यालय समयमा सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा सम्पर्क गर्न सकिनेछ ।